## नोभल कोरोना(COVID-19)रोग रोकथाम तथा नियन्त्रण

### उच्चस्तरीय समन्वय समिति

बैठक संख्याः १४

मितिः-२०७६।१२।१४ शुक्रवार

समयः अपरान्ह ४.०० बजे

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७६।११।१८ को निर्णयबाट माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्रीज्युको संयोजकत्वमा गठित "नोभल कोरोना (COVID-19) संक्रमण,रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति"को बैठक देहायका माननीय मन्त्रीज्यु तथा उच्च पदाधिकारीहरुको उपस्थितीमा बसी निम्नबमोजिमका निर्णयहरु गरियो।

<u>उपस्थितिः</u>

१. मा. उपप्रधानमन्त्री एवं रक्षामन्त्री श्री ईश्वर पोखरेल - संयोजक

२. मा. गृहमन्त्री श्री राम बहादुर थापा -सदस्य

३. मा. परराष्ट्रमन्त्री श्री प्रदीपकुमार ज्ञवाली -सदस्य

४. मा. शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री श्री गिरिराजमणि पोखरेल -सदस्य

५. मा. कृषि तथा पशुपन्छी विकासमन्त्री श्री घनश्याम भुषाल -सदस्य

६. मा. स्वास्थ्य तथा जनसंख्यामन्त्री श्री भानुभक्त ढकाल -सदस्य

७. मा. उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री श्री लेखराज भट्ट -सदस्य

८. मा. संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री श्री योगेशकुमार भट्टराई -सदस्य

९. मा. अर्थ र संचार तथा सूचना प्रविधिमन्त्री डा. युवराज खतिवडा -सदस्य

१०. मुख्यसचिव श्री लोकदर्शन रेग्मी , नेपाल सरकार -सदस्य

११.सचिव श्री नारायणप्रसाद विडारी-प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य-सचिव

आमन्त्रित

१२सचिव श्री केदारबहादुर अधिकारी - संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

१३.सचिव श्री शंकरदास बैरागी - परराष्ट्र मन्त्रालय

१४.सचिव श्री शिशिरकुमार ढुंगाना – अर्थ मन्त्रालय

१५. सचिव श्री महेश्वर न्यौपाने - गृह मन्त्रालय

माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेलको अध्यक्षतामा बसेको COVID-19 रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको मिति २०७६।१२।१४ गते वसेको १४औं बैठकमा देहाय बमोजिमका निर्णय भयो:-

१. नेपाल सरकारले lockdown को घोषणा गरिसकेपछि देशका बिभिन्न स्थानहरुमा यातायातको असुविधाको कारणले अलपत्रमा परेका बिदेशी नागरिकहरुलाई सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी मार्फत Passport को आधारमा निजहरुको देश पहिचान गर्न लगाउने र छिटो साधनवाट काठमाण्डौ ल्याउने।काठमाण्डौमा पर्यटन बोर्डले Receive गर्ने र सम्बन्धित देशको राजदुतावासमा सम्पर्क गर्न लगाई आफ्नो देश जानलाई सहजिकरण गर्ने ।

२. बिदेशवाट बिरगंज लगायतका ICP (एकिकृत भन्सार बिन्दु) मा आई भन्सार जाँचपासको क्रममा रहेका औषधि, खाद्यान्न लगायतका अत्यावश्यक सामानहरुलाई भन्सार क्लियरिङ्ग ऐजेण्टको सहयोगमा भन्सार कार्यालयहरुले नियमानुसार शीघ्र जाँचपास गरी प्रवेश गराउने व्यवस्था अर्थ मन्त्रालयले मिलाउने।

३. तातोपानी र केरुङ्ग भन्सार बिन्दुमा आई भन्सार जाँचपासको क्रममा रहेका फलफुल, तरकारी लगायतका खाद्यवस्तुको "खाद्य-स्वास्थ्य सुरक्षा" परीक्षणको कार्य कृषि तथा पशुपन्छी बिकास मन्त्रालयले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गृह मन्त्रालय र उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय संग समन्वय गरी जाँचपास तथा आयातको कार्य सम्पन्न गर्ने ।

४. पोखरामा रहेको पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठानको पश्चिमाञ्चल क्षेत्रिय अस्पताललाई Corona Dedicated Hospital को रुपमा प्रयोगमा ल्याउनको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने।

६. देशका सवै स्थानीयतहका वार्डहरुमा रहेका महिला स्वास्थ्य स्यंवसेविकाहरुलाई परिचालन गर्न स्वास्थ तथा जनसंख्या मन्त्रालयले आवश्यक प्रवन्ध मिलाउने।

२०७६।१२।१४

सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

मा. ईश्वर पोखरेल
उपप्रधानमन्त्री तथा रक्षामन्त्री